# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४ ] काठमाडौं, साउन १८ गते २०३१ साल [ अतिरिक्ताङ्क १९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०३१ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

२६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## न्याय प्रशासनमा सामयिक सुधार गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा कायम राख्न, न्याय छिटो, कम खर्चिलो र सुलभ गराउन र मुद्दामा लाग्ने अनावश्यक समय, श्रम र खर्च बचाई विकासको काममा लगाउन सकिने अवस्था सिर्जना गर्नको लागि न्याय प्रशासनमा सामयिक सुधार गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम "न्याय प्रशासन सुधार ऐन, २०३१" रहेको छ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जिल्ला न्यायाधीश" भन्नाले जिल्ला अदालतको अतिरिक्त न्यायाधीशलाई समेत जनाउँछ।

(ख) "अञ्चल न्यायाधीश" भन्नाले अञ्चल अदालतको अतिरिक्त न्यायाधीशलाई समेत जनाउँछ।

(ग) "क्षेत्रीय न्यायाधीश" भन्नाले क्षेत्रीय अदालतको मुख्य न्यायाधीश, अतिरिक्त न्यायाधीश र अस्थायी न्यायाधीशलाई समेत जनाउँछ।

### परिच्छेद–२
### अदालतको स्थापना र गठन

३. जिल्ला अदालत र अञ्चल अदालतको स्थापना र गठनः– (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक भए अनुसार जिल्ला अदालत र अञ्चल अदालतहरुको स्थापना गर्न सक्नेछ।

(२) श्री ५ को सरकारले प्रधान न्यायाधीशको सल्लाह लिई उप-दफा (१) अन्तर्गत स्थापित जिल्ला अदालत वा अञ्चल अदालतको संख्यामा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थपघट गर्न वा तिनको छुट्टै बेञ्चको स्थापना गर्न सक्नेछ।

(३) प्रत्येक जिल्ला अदालत र अञ्चल अदालतमा वा तिनका बेञ्चमा एक जना न्यायाधीश रहनेछ। श्री ५ को सरकारले प्रधान न्यायाधीशको सल्लाह लिई आवश्यक भएजति अतिरिक्त न्यायाधीशको समेत व्यवस्था गर्न सक्नेछ।

४. क्षेत्रीय अदालतको स्थापना र गठनः– (१) न्याय प्रशासन सुधार अध्यादेश, २०३० अन्तर्गत स्थापना भएको अनुसूची १ मा लेखिएका क्षेत्रीय अदालतहरू यसै ऐन अन्तर्गत स्थापना भएको मानिनेछ।

...कता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रत्येक क्षेत्रीय अदालतमा एकजना मुख्य न्यायाधीश र बढीमा तीन जनासम्म न्यायाधीश रहनेछन् ।

(३) कुनै क्षेत्रीय अदालतमा उप-दफा (२) बमोजिम नियुक्त हुने न्यायाधीश बाहेक आवश्यक भएजति अतिरिक्त न्यायाधीश दफा २३ को उप-दफा (१) बमोजिम नियुक्त हुन सक्नेछ ।

(४) कुनै क्षेत्रीय अदालतमा कार्य बोझ बढ्न आएको अवस्थामा वा कुनै समय न्यायाधीशको कमीले बेञ्चको गठन वा कार्य फछर्यौट गर्न कठिनाइ परेको अवस्थामा पछि आफ्नै पदमा फर्कने गरी केही समयको लागि कुनै अञ्चल न्यायाधीशलाई दफा २३ को उप-दफा (२) बमोजिम सो क्षेत्रीय अदालतको अस्थायी न्यायाधीश भई काम गर्न लगाउन सकिनेछ ।

५. अदालतको अधिकार क्षेत्रको प्रयोग:– (१) कुनै जिल्ला आदालत वा अञ्चल अदालतमा एकभन्दा बढी न्यायाधीश रहेको अवस्थामा प्रत्येक न्यायाधीशले आफू समक्ष पेश भएको मुद्दामा भिन्ना भिन्नै सो अदालतको अधिकार प्रयोग गर्नेछ ।

(२) क्षेत्रीय अदालतको अधिकार क्षेत्रको प्रयोग यो ऐन अन्तर्गत बन्ने नियमबमोजिम सो अदालतको सिंगल बेञ्च वा डिभिजन बेञ्चबाट हुनेछ ।

६. अदालतको इलाका र सदर मुकाम:– (१) सामान्यतः प्रत्येक जिल्ला अदालतको सदर मुकाम जिल्लाको सदर मुकाममा र अञ्चल अदालतको सदर मुकाम अञ्चलको सदर मुकाममा रहनेछ ।

तर, श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जिल्ला अदालत वा अञ्चल अदालतको सदर मुकाम आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

(२) क्षेत्रीय अदालतहरूको इलाका र सदर मुकाम अनुसूची २ मा लेखिएबमोजिम हुनेछ ।

तर, श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी कुनै क्षेत्रीय अदालतको इलाका र सदर मुकाममा आवश्यकता अनुसार हेरफेर गर्न सकिबक्सनेछ ।

७. सदर मुकाम बाहिर इजलास कायम हुन सक्ने अवस्था:– दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि–

(क) कुनै नेपाल कानूनले कुनै कामको सम्बन्धमा सदर मुकामभन्दा बाहिर त्यसी इजलास कायम गर्ने व्यवस्था गरेकोमा सोहीबमोजिम हुनेछ ।

(ख) सर्वोच्च अदालत वा क्षेत्रीय अदालतले आदेश जारी गरी कुनै जिल्ला न्यायाधीश वा अञ्चल न्यायाधीशलाई सोही आदेशमा तोकिएको किसिमको काम वा मुद्दा सोही आदेशमा तोकिएको ठाउँमा बसी कारवाई वा किनारा गर्ने गरी आदेश दिन सक्नेछ ।

265

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुनै क्षेत्रीय न्यायाधीश आफ्नो इलाकाभित्र दौडाहा गर्न गएको अवस्थामा अरू कुनै ठाउँमा इजलास कायम गरी दफा ५ को उप-दफा (२) को अधीनमा रही क्षेत्रीय अदालतको अधिकार प्रयोग गर्न पाउनेछ ।

८. भइरहेको जिल्ला अदालत र अञ्चल अदालत यस ऐन अन्तर्गतको मानिने:–(१) यो ऐन प्रारम्भ हुँदा कायम भइरहेको जिल्ला अदालत र अञ्चल अदालतहरू र तिनको बेञ्च यसै ऐन अन्तर्गतका जिल्ला अदालत र अञ्चल अदालत र तिनको बेञ्च मानिनेछन् र तिनका हकमा यो ऐनमा लेखिएका कुरा लागू हुनेछ ।

(२) यस अघि कायम भइरहेका जिल्ला अदालत र अञ्चल अदालतहरूको इलाका र सदर मुकाम श्री ५ को सरकारले अन्यथा व्यवस्था नगरेसम्म साबिक बमोजिम कायम रहनेछ ।

(३) यस अघि कायम भइरहेका जिल्ला अदालत र अञ्चल अदालतका न्यायाधीश-हरू श्री ५ को सरकारले अन्यथा व्यवस्था नगरेसम्म तत् तत् अदालतका जिल्ला न्यायाधीश र अञ्चल न्यायाधीश मानिनेछन् ।

## परिच्छेद–३
## अदालतको अधिकार क्षेत्र

९. जिल्ला अदालतको शुरु कारवाई र किनारा गर्ने अधिकार क्षेत्र:– यो ऐनमा र प्रचलित अन्य नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो इलाका–भित्रको सबै मुद्दामा शुरु कारवाई र किनारा गर्ने अधिकार हुनेछ ।

१०. अञ्चल अदालतको शुरु कारवाई र किनारा गर्ने अधिकार क्षेत्र:– अञ्चल अदालतलाई देहायका मुद्दामा शुरु कारवाई र किनारा गर्ने अधिकार हुनेछः–

(क) सर्वोच्च अदालत वा क्षेत्रीय अदालतबाट अञ्चल अदालतले शुरु कारवाई र किनारा गर्न तोकिदिएको मुद्दा,

(ख) कुनै नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सरकारी कामको सम्बन्धमा सरकारी कर्मचारी उपरका मुद्दा वा

(ग) कुनै नेपाल कानूनले अञ्चल अदालतबाट शुरु कारवाई र किनारा गर्ने भनी तोकिदिएको मुद्दा ।

११. अदालतको अवहेलना:– जिल्ला अदालत र अञ्चल अदालतले आ-आफ्नो र क्षेत्रीय अदालतले आफ्नो वा आफ्नो मातहतको अदालतको अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा क्षेत्रीय अदालतले छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै, अञ्चल अदालतले दुई महीनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुवै र जिल्ला अदालतले एक महीनासम्म कैद वा एक सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।

२८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न वा घटाउन सक्नेछ ।

१२. अदालतको निर्णय अन्तिम हुनेः- यो ऐन वा प्रचलित अन्य नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक-

(क) मुद्दामा अदालतले गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णय त्यस मुद्दाका पक्षहरूलाई मात्र कर लाग्नेछ ।

(ख) इन्साफमा तलमाथि नहुने गरी छुट्टै पर्चा गरी सानातिना भूलसम्म सच्याउन बाहेक एक पटक छिनिसकेको मुद्दा उसै अदालतले दोहोर्‍याई हेर्न हुँदैन ।

१३. पुनरावेदनः- (१) दफा ९ अन्तर्गत जिल्ला अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दामा देहायका अदालतमा पुनरावेदन लाग्नेछः-

(क) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो पन्ध्र हजार रुपैयाँसम्म भएको मुद्दा वा तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना हुने मुद्दा वा दफा ११ अन्तर्गत सजाय भएको मुद्दामा अञ्चल अदालतमा,

(ख) खण्ड (क) मा लेखिएभन्दा बढी मोल बिगो भएको मुद्दा वा बढी कैद वा जरिवाना हुने मुद्दा वा विषयको प्रकृतिले बिगो खुल्न नसक्ने सामूहिक कुलो पानी, संधिसर्पन, गोचरसम्बन्धी मुद्दा वा तायदाती नआएको अंश मुद्दा वा नाता सम्बन्ध कायम गराई माग्ने विषयको मुद्दामा क्षेत्रीय अदालतमा ।

(२) दफा १० र ११ अन्तर्गत अञ्चल अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) उप-दफा (१) को खण्ड (क) अन्तर्गत अञ्चल अदालतले पुनरावेदन हेरी गरेको फैसला वा अन्तिम आदेश उपर प्रत्यक्ष कानूनी त्रुटि भई अञ्चल अदालतको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखेमा क्षेत्रीय अदालतले आफू समक्ष पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ ।

(४) उप-दफा (३) अन्तर्गत मुद्दाको अतिरिक्त अन्य प्रचलित नेपाल कानून अन्तर्गत क्षेत्रीय अदालतमा दोस्रो तह पुनरावेदन लाग्ने व्यवस्था भएकोमा ती ऐनहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि उप-दफा (३) को अधीनमा रही क्षेत्रीय अदालतले पुनरावेदन गर्ने अनुमति दिएको मुद्दामा मात्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(५) क्षेत्रीय अदालतबाट फैसला वा अन्तिम आदेश भएको मुद्दा मध्ये देहायका मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः-

(क) मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैदको सजाय हुने मुद्दा,

(ख) संविधानको व्याख्या वा सार्वजनिक महत्वको विषयमा प्रत्यक्षतः गम्भीर कानूनी त्रुटी भएको छ वा मुद्दाको रोहमा एउटा क्षेत्रीय अदालतले गरेको कानूनको व्याख्यासंग अर्को क्षेत्रीय अदालतको व्याख्या वस्तुतः बाझिएकोले सो भिन्नता हटाउनु आवश्यक छ भन्ने आफूलाई चित्त बुझ्ने कारण भई आफू समक्ष पुनरावेदन गर्न पाउने गरी सर्वोच्च अदालतले अनुमति दिएको मुद्दा वा

266

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा ११ अन्तर्गत क्षेत्रीय अदालतले सजाय गरेको मुद्दा ।

१४. साधक जाहेरी:– (१) प्रचलित नेपाल कानूनले साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्छ र सो अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

तर, मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैदको सजाय भएको मुद्दाका साधक जाँची अन्तिम निर्णय गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ ।

(२) कुनै मुद्दामा क्षेत्रीय अदालतको डिभिजन बेन्चबाट निर्णय हुँदा सो मुद्दा हेर्ने न्यायाधीशहरूको राय नमिली तेस्रो न्यायाधीश समक्ष पेस हुँदा पनि बहुमत कायम हुन नसकेमा सबै न्यायाधीशहरूको राय सहित सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्छ र त्यसमा सर्वोच्च अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

(३) कुनै क्षेत्रीय अदालतको एउटा डिभिजन बेन्च सोही अदालतको अर्को डिभिजन बेन्चबाट भएको रुलिंगसंग सहमत नभएमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्छ र त्यसमा सर्वोच्च अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

१५. पुनरावेदन हेर्ने र साधक जाँच्ने अदालतको अधिकार:– (१) यो ऐन र अन्य प्रचलित नेपाल कानूनले तोकिदिएको बन्देजमा रही पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकार देहायबमोजिम हुनेछ:–

(क) मुद्दामा मुख्य ठहऱ्याउनु पर्ने विषय खुलाई मनासिब माफिकको समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्नको लागि तल्लो अदालतमा फिर्ता पठाउने,

(ख) तल्लो अदालतको निर्णय ठहर, सदर उल्टी वा केही उल्टी गर्ने र

(ग) आफैले बढी सबूद बुझ्ने वा तल्लो अदालतलाई बुझ्न लगाउने ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ को उप-दफा (३) अन्तर्गत क्षेत्रीय अदालतले र सोही दफाको उप-दफा (५) को खण्ड (ख) अन्तर्गत सर्वोच्च अदालतले पुनरावेदन हेर्दा तत् तत् उप-दफा वा खण्डमा उल्लिखित पुनरावेदन गर्ने अनुमति दिन सकिने प्रश्न वा आधारसंग सम्बन्धित कुरामै मात्र सीमित रही निर्णय गर्नु पर्नेछ ।

१६. सर्वोच्च अदालतले मुद्दा झिकाउन सक्ने:– आफ्नो मातहतको कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दामा संविधानको व्याख्यासम्बन्धी वा त्यस्तै सार्वजनिक महत्वको विषय-सम्बन्धी कुनै जटिल कानूनी प्रश्न समावेश छ र सो मुद्दामा इन्साफ दिन उक्त प्रश्न बारे निर्णय गर्नु अत्यन्त जरूरी छ भन्ने सर्वोच्च अदालतले आफैले वा पक्षको निवेदनपत्रबाट देखेमा सो मुद्दा आफू समक्ष झिकाई आफैले अन्तिम निर्णयगर्न वा कानूनी प्रश्न बारे निर्णय गरी सो निर्णयलाई दृष्टिमा राखी मुद्दा किनारा गर्न मुद्दा झिकाइएको अदालतमा फिर्ता पठाउने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

१६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४

## क्षेत्रीय न्यायाधीशसम्बन्धी व्यवस्था

१७. क्षेत्रीय न्यायाधीशहरूको नियुक्ति, योग्यता र पदावधिः- (१) श्री ५ बाट प्रधान न्यायाधीश-संग परामर्श गरी क्षेत्रीय न्यायाधीशको नियुक्ति गरिबक्सने छ।

(२) नेपालको जन्मसिद्ध नागरिक भएको र देहायको योग्यता भएको व्यक्तिमात्र क्षेत्रीय न्यायाधीश नियुक्त हुन योग्य हुनेछः–

(क) कानूनमा स्नातकको उपाधि प्राप्त गरी कानूनी क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभव प्राप्त गरेका वा नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो माथिको पदमा काम गरेको वा

(ख) श्री ५ को विचारमा कानूनवेत्ता भएको।

(३) क्षेत्रीय न्यायाधीशहरु ६३ वर्षको उमेर पूरा नभएसम्म आफ्नो पदमा बहाल रहनेछन्।

तर,

(क) क्षेत्रीय न्यायाधीशले श्री ५ को हजूरमा लिखित समावेदन चढाई आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन्।

(ख) कुनै क्षेत्रीय न्यायाधीश कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने देखिन आएमा श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी निजलाई सो पदबाट हटाउन सकिबक्सनेछ।

(ग) खण्ड (ख) बमोजिम कारवाई हुँदा सम्बन्धित न्यायाधीशलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(४) क्षेत्रीय न्यायाधीशको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पद ग्रहण गर्नुभन्दा अघि अनुसूची ३ मा लेखिएबमोजिम शपथ लिई वा प्रतिज्ञा गरी सो शपथ वा प्रतिज्ञापत्रमा हस्ताक्षर गर्नु पर्नेछ। यसरी शपथ लिने वा प्रतिज्ञा गर्ने कार्य मुख्य न्यायाधीशले प्रधान न्यायाधीशको समक्ष र अन्य न्यायाधीशले सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश समक्ष गर्नु पर्नेछ।

१८. क्षेत्रीय न्यायाधीशको पारिश्रमिकः– (१) मुख्य न्यायाधीशको मासिक पारिश्रमिक सत्र सय रूपैयाँ र अन्य क्षेत्रीय न्यायाधीशको पन्ध्र सय रुपैयाँ हुनेछ।

(२) निवृत्तभरण पाई राखेको कुनै व्यक्ति क्षेत्रीय न्यायाधीश पदमा नियुक्त भएमा सो पदमा बहाल रहेसम्म निजले सो निवृत्तभरण पाउने छैन।

१९. क्षेत्रीय न्यायाधीशको सेवा शर्तसम्बन्धी अन्य कुराः– क्षेत्रीय न्यायाधीशको सेवा शर्त-सम्बन्धी अन्य कुरा नियमद्वारा निर्धारित हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

२०. मुख्य न्यायाधीश पदमा कायम मुकायम गर्ने व्यवस्थाः– मुख्य न्यायाधीश बिदा बसेको वा अरू कुनै कारणले आफ्नो पदको काम गर्न असमर्थ भएको वा मुख्य न्यायाधीशको पद रिक्त भएकोमा सो पदमा श्री ५ को पूर्व स्वीकृति लिई प्रधान न्यायाधीशले कुनै क्षेत्रीय न्यायाधीशलाई कायम मुकायम भई काम गर्न तोकन सक्नेछ ।

२१. क्षेत्रीय न्यायाधीशहरूको सरूवाः– श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी कुनै क्षेत्रीय न्यायाधीशलाई एक क्षेत्रीय अदालतबाट अर्को क्षेत्रीय अदालतमा सरूवा गर्न सकिबक्सनेछ ।

२२. सर्वोच्च अदालतको न्यायाधीशलाई काजमा खटाउन सकिनेः– (१) श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी आवश्यक भए अनुसार सर्वोच्च अदालतका अतिरिक्त वा अस्थायी न्यायाधीशलाई क्षेत्रीय न्यायाधीशको काम गर्न काजमा खटाउन सकिबक्सनेछ ।

(२) उप-दफा (१) बमोजिम काजमा खटाइएको न्यायाधीशको सम्बन्धमा दफा १७, १८ र १९ को व्यवस्था लागू हुने छैन ।

(३) उप-दफा (१) बमोजिम खटिएको न्यायाधीशले काजमा खटिएका अदालतको सदर मुकाममा रहँदा दैनिक भत्ता पाउने छैन ।

२३. अतिरिक्त र अस्थायी क्षेत्रीय न्यायाधीशको नियुक्तिः– (१) श्री ५ बाट प्रधान न्यायाधीससंग परामर्श गरी तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी तोकिएको अवधिको लागि कुनै क्षेत्रीय अदालतमा आवश्यक भएजति अतिरिक्त क्षेत्रीय न्यायाधीश नियुक्त गर्न सकिबक्सनेछ ।

(२) श्री ५ को पूर्व स्वीकृति लिई प्रधान न्यायाधीशले तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी तोकिएको अवधिका लागि कुनै अञ्चल न्यायाधीशलाई कुनै क्षेत्रीय अदालतको अस्थायी न्यायाधीश भई काम गर्न लगाउन सक्नेछ ।

## परिच्छेद-५

## विविध

२४. न्यायाधीश आफैले गर्नु पर्ने कामः– (१) फैसला आदेश गर्ने र बयान बकपत्र गराउने काम न्यायाधीश आफैले गर्नुपर्छ ।

तर–

(क) न्यायाधीशले लेखी वा बोली अदालतको कुनै कर्मचारीबाट फैसला आदेश टाइप गराउन वा टिपाउन हुन्छ ।

(ख) बयान बकपत्र गराउँदा न्यायाधीश आफैले प्रश्न गरी अदालतको कुनै कर्मचारीबाट टिपाउन हुन्छ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधीशको अनुपस्थितिमा श्रेस्तेदारले बयान बकपत्र गराउन र थुन छेकको आदेश दिन हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. मातहत अदालतः– (१) अञ्चल अदालतको इलाकाभित्र पर्ने सबै जिल्ला अदालतहरू अञ्चल अदालतको मातहतमा, क्षेत्रीय अदालतको इलाकाभित्र पर्ने सबै अञ्चल अदालत र जिल्ला अदालतहरू क्षेत्रीय अदालतको मातहतमा र नेपाल अधिराज्यको सबै क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालतहरू सर्वोच्च अदालतको मातहतमा रहनेछन् ।

(२) सर्वोच्च अदालतले नेपाल अधिराज्यका सबै क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालतहरू, क्षेत्रीय अदालतले आफ्नो मातहतका अञ्चल अदालत र जिल्ला अदालतहरू र अञ्चल अदालतले आफ्नो इलाकाभित्र पर्ने सबै जिल्ला अदालतहरूको आवश्यकतानुसार जहिलेसुकै पनि निरीक्षण गर्न सक्नेछ ।

२६. निर्देशन दिन सक्नेः– न्याय प्रशासनको सुप्रबन्ध एवं सुव्यवस्थाको लागि मातहतका अदालतलाई कुनै कुराको निर्देशन दिन आवश्यक छ भन्ने लागेमा सर्वोच्च अदालत तथा क्षेत्रीय अदालतहरूले आफ्नो मातहतका अदालतहरूलाई प्रचलित कानूनसंग नबाझिने गरी निर्देशन दिन सक्नेछन् र मातहतका अदालतले यस्तो निर्देशन पालना गर्नु पर्नेछ ।

२७. छिन्न बाँकी मुद्दा सर्नेः– (१) न्याय प्रशासन सुधार अध्यादेश, २०३० प्रारम्भ हुँदा सर्वोच्च अदालतमा दायर भई छिन्न बाँकी रहेका मुद्दा र निवेदनपत्रहरूमध्ये देहायमा लेखिए बाहेक बाँकी सबै मुद्दा र निवेदनपत्रहरू सम्बन्धित क्षेत्रीय अदालतमा सर्नेछन् ।

(क) नेपालको संविधानको धारा ७१ अन्तर्गत परेका निवेदन,

(ख) सर्वोच्च अदालत ऐन, २०१९ को दफा ६ अन्तर्गतका मुद्दाहरू,

(ग) मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैदको सजाय हुने मुद्दा,

(घ) नेपालको संविधानको धारा ७२ को खण्ड (ख) अन्तर्गत दोहर्‍याउने आदेश भएका मुद्दाहरू,

(ङ) मुद्दा दोहर्‍याई हेरी दिनु वा इन्साफ जाँच गरी दिनु भनी श्री ५ बाट हुकुम प्रमाङ्गी भई फूलबेञ्चको विचाराधीन रहेका मुद्दाहरू र

(च) माथि खण्ड (ख) देखि (ङ) सम्ममा उल्लेख भएका मुद्दाहरूसंग सम्बन्धित निवेदनपत्रहरू ।

(२) न्याय प्रशासन सुधार अध्यादेश, २०३० प्रारम्भ हुँदा जिल्ला अदालतको अन्तिम निर्णय उपर तत्काल प्रचलित कानून अनुसार अञ्चल अदालतमा पुनरावेदन परी छिन्न बाँकी रहेको मुद्दाहरूमध्ये झगडा परेको वा दावा गरेको विषयको मोल बिगो पन्ध्र हजार रुपैयाँभन्दा बढी भएको मुद्दा, तीन वर्षभन्दा बढी कैद वा तीन हजार रुपैयाँभन्दा बढी जरिवाना हुने मुद्दा र झगडाको विषयको प्रकृतिले बिगो खुल्न नसक्ने सामूहिक कुलो पानी, संधिसर्पन, गौचरसम्बन्धी, तायदाती नखुलेको अंश मुद्दा र नाता सम्बन्ध कायम गराई माग्ने विषयको मुद्दाहरू र तत्सम्बन्धी निवेदन पत्रहरू सम्बन्धित क्षेत्रीय अदालतमा सर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. न्याय प्रशासन सुधार अध्यादेश, २०३० जारी हुनु अगाडि निर्णय भएका मुद्दाहरू:– (१) न्याय प्रशासन सुधार अध्यादेश, २०३० प्रारम्भ भएको अघिल्लो दिनसम्म अञ्चल अदालतबाट भएका फैसला वा अन्तिम आदेश उपर उक्त अध्यादेश प्रारम्भ हुनु अगाडि तत्काल प्रचलित कानून अनुसार सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भए जतिमा प्रचलित कानूनको म्यादभित्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उक्त अध्यादेश प्रारम्भ भएको अघिल्लो दिनसम्म जिल्ला अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर उक्त अध्यादेश प्रारम्भ हुनु अगाडि तत्काल प्रचलित कानून अनुसार अञ्चल अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएका मुद्दामध्ये देहायमा लेखिएका मुद्दामा क्षेत्रीय अदालतमा र अन्य मुद्दामा अञ्चल अदालतमा प्रचलित कानूनको म्यादभित्र पुनरावेदन लाग्नेछ:–

(क) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो पन्ध्र हजार रूपैयाँभन्दा बढी भएको मुद्दा,

(ख) तीन वर्षभन्दा बढी कैद वा तीन हजार रूपैयाँभन्दा बढी जरिवाना हुने मुद्दा,

(ग) विषयको प्रकृतिले बिगो खुल्न नसक्ने सामूहिक कूलो पानी, संधिसर्पन, गौचर-सम्बन्धी मुद्दा वा

(घ) तायदाती नआएको अंश मुद्दा वा नाता सम्बन्ध कायम गराई माग्ने विषयको मुद्दा ।

(३) उप-दफा (२) अन्तर्गत क्षेत्रीय अदालतमा लाग्ने पुनरावेदनहरू सम्बन्धित अञ्चल अदालतमा पनि दर्ता गर्न सकिनेछ र त्यसरी दर्ता भएका पुनरावेदनहरू अञ्चल अदालतले क्षेत्रीय अदालतमा पठाई दिनेछ ।

(४) उप-दफा (१) र (२) अन्तर्गत पुनरावेदन परेका मुद्दाहरूमा र न्याय प्रशासन सुधार अध्यादेश, २०३० प्रारम्भ भएको अघिल्लो दिनसम्म जिल्ला अदालत र अञ्चल अदालतमा दायर रही छिन्न बाँकी रहेका मुद्दाहरूमा दफा १३ को व्यवस्था लागू हुनेछ ।

२९. नियम बनाउने अधिकार:– (१) यो ऐनको उद्देश्य पूर्ति गर्नको लागि श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल राजपत्रमा प्रकाशित गरी लागू गरिनेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर देहायका विषयहरूमा नियमहरू बन्न सक्नेछ:–

(क) सर्वोच्च अदालत बाहेक अन्य अदालतहरूमा मुद्दा दायर गर्ने, पुनरावेदन दायर गर्ने, निवेदनपत्र दिने र मुद्दासम्बन्धी अरु विषय,

(ख) सर्वोच्च अदालत बाहेक अन्य अदालतको उठी पटके र काम कारवाई-सम्बन्धी अन्य तथ्याङ्क सङ्कलन गर्ने तरीका,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मुद्दा सार्न सक्ने अवस्था र परिस्थिति,

(घ) क्षेत्रीय अदालतको अधिकार क्षेत्रको प्रयोग सिंगल बेञ्च र डिभिजन बेञ्चले गर्ने बारे,

(ङ) अन्य अदालतको काम कारवाईसम्बन्धी विषयहरू।

३०. बाधा अड्काउ हटाउने अधिकारः– यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई सो बाधा अड्काउ हटाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यस ऐनमा परे सरह मानिनेछ।

३१. खारेजी र संशोधनः– (१) अनुसूची ४ मा लेखिएका ऐनहरू सोही अनुसूचीमा लेखिएको हदसम्म खारेज गरिएको छ।

(२) अनुसूची ५ मा लेखिएका ऐनहरू सोही अनुसूचीमा लेखिएबमोजिम संशोधन गरिएको छ।

३२. न्याय प्रशासन सुधार अध्यादेश, २०३० निष्क्रिय भएपछि त्यसको परिणामः– न्याय प्रशासन सुधार अध्यादेश, २०३० निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएसम्म सो निष्क्रियताले–

(क) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुर्‍याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ख) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(घ) माथि लेखिएको कुनै त्यस्तो हक सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

283

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१
(दफा ४ को उप-दफा (१) संग सम्बन्धित)

१. पूर्वाञ्चल क्षेत्रीय अदालत ।
२. मध्यमाञ्चल क्षेत्रीय अदालत ।
३. पश्चिमाञ्चल क्षेत्रीय अदालत ।
४. सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

## अनुसूची–२
(दफा ६ को उप-दफा (२) संग सम्बन्धित)

| क्र.सं. | क्षेत्रीय अदालत | सदर मुकाम | इलाका |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय अदालत | धनकुटा | १. मेची अञ्चल<br>२. कोशी अञ्चल<br>३. सगरमाथा अञ्चल |
| २. | मध्यमाञ्चल क्षेत्रीय अदालत | काठमाडौं | १. जनकपुर अञ्चल<br>२. वाग्मती अञ्चल<br>३. नारायणी अञ्चल |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय अदालत | पोखरा | १. गण्डकी अञ्चल<br>२. धवलागिरि अञ्चल<br>३. लुम्बिनी अञ्चल |
| ४. | सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत | सुर्खेत | १. राप्ती अञ्चल<br>२. कर्णाली अञ्चल<br>३. सेती अञ्चल<br>४. भेरी अञ्चल<br>५. महाकाली अञ्चल |

## अनुसूची–३
(दफा १७ को उप-दफा (४) संग सम्बन्धित)

क्षेत्रीय अदालतका ....... न्यायाधीशमा नियुक्त भएको म .......
ईश्वरको नाममा शपथ लिन्छु कि / सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु कि — श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरु प्रति पूर्णतया वफादार रही मौसूफहरु र नेपालको संविधान प्रति श्रद्धा र निष्ठा राख्नेछु र पूरा तवरले औ श्रद्धापूर्वक आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वेष भाव नगरी पालन गर्नेछु र साथै म संविधान र नेपाल कानूनको मर्यादा कायम राख्नेछु ।

.......
हस्ताक्षर

मितिः–

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४
(दफा ३१ को उप-दफा (१) संग सम्बन्धित)

| क.सं. | ऐनको संक्षिप्त नाम | खारेजी |
|---|---|---|
| १. | न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ | सम्पूर्ण |
| २. | छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ | दफा १८ |

अनुसूची–५
(दफा ३१ को उप-दफा (२) संग सम्बन्धित)

| क.सं. | ऐनको संक्षिप्त नाम | संशोधन |
|---|---|---|
| १. | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ | दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–<br>९. मुद्दा हेर्ने अधिकार र पुनरावेदनः– यो ऐन अन्तर्गतको मुद्दा अञ्चलाधीशले हेर्नेछ र त्यस उपरको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्नेछ । |
| २. | नागरिक अधिकार ऐन, २०१२ | १. दफा १६ को देहायको खण्ड (१) र (२) को सट्टा देहायको खण्ड (१) र (२) राखिएको छः–<br>(१) वाग्मती अञ्चलको हकमा सर्वोच्च अदालत,<br>(२) अरू अञ्चलको हकमा सम्बन्धित अञ्चल अदालत ।<br>२. दफा १७ को उप-दफा (२) मा रहेको "पुनरावेदन सुन्ने अधिकार भएको अदालत-को" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएको छ । |
| ३. | नेपाल विशेष अदालत ऐन, २०१३ | दफा ८ मा रहेको "सर्वोच्च अदालत डिभिजन बेञ्च" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ४. | विकास समिति ऐन, २०१३ | १. दफा ९ को उप-दफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |

८८५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. दफा ६ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" र "प्रधान न्यायाधीश" भन्ने शब्दहरूको सट्टा क्रमशः "क्षेत्रीय अदालत" र "सो अदालतका मुख्य न्यायाधीश" भन्ने शब्दहरू राखिएको छ।

| | |
|---|---|
| ५. निजामती सेवा ऐन, २०१३ | दफा ६ को उप-दफा (१) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ६. निकासी पैठारी नियन्त्रण ऐन, २०१३ | दफा ६ को उप-दफा (२) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ७. रेडियो ऐन, २०१४ | दफा ६ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ८. तथ्याङ्क ऐन, २०१५ | दफा १० को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ :–<br>(३) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारी वा महानिर्देशकले गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ। |
| ९. नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ | दफा २३ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १०. कोर्ट फी ऐन, २०१७ | दफा २३ को खण्ड (ग) मा "उच्च अदालतको" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालतको" भन्ने शब्दहरू राखिएको छ। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ११. भ्रष्टाचार निवारण ऐन, २०१७ | दफा २८ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १२. मादक पदार्थ ऐन, २०१७ | दफा १७ग. मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १३. सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ | दफा९पछि देहायको दफा९क.थपिएको छः– |

९क. सरकारी मुद्दा वापस लिने वा मिलापत्र गर्नेः– प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकार उपर परेको मुद्दा मामिलामा श्री ५ को सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मामिलामा मिलापत्र गर्ने वा अदालतको मञ्जूरीले त्यस्तो मुद्दा मामिलामध्ये श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा मामिला वापस लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछः–

(क) मुद्दा मामिला मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन।

(ख) मुद्दा मामिला वापस लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ। तर, कुनै गैर-सरकारी व्यक्तिको सम्पत्तिसम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा मामिला यस दफाबमोजिम अदालतबाट वापस लिन दिन हुँदैन।

२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १४. जासुसी ऐन, २०१८ | दफा १० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १५. राजकाज (अपराध र सजाय) ऐन, २०१९ | दफा १० को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १६. नगर पञ्चायत ऐन, २०१९ | दफा ५३ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १७. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ | दफा १७, २१ र २९ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १८. छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ | दफा २० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| १९. हातहतियार खरखजाना ऐन, २०१९ | दफा २४ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २०. हुलाक ऐन, २०१९ | दफा २२ को उप-दफा (३) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २१. संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ | दफा ४ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २२. रेलवे ऐन, २०२० | दफा १७ मा रहेको "सर्वोच्च अदालतमा" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २३. साझेदारी ऐन, २०२० | दफा ४७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |

२८८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २४. वाणिज्य बैङ्क ऐन, २०२० | दफा ४७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २५. नेपाल नागरिकता ऐन, २०२० | दफा १ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २६. छात्रवृत्ति ऐन, २०२१ | दफा ६ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २७. कम्पनी ऐन, २०२१ | दफा १४६ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने राखिएको छ। |
| २८. नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ | दफा २६ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| २९. संस्थान ऐन, २०२१ | दफा १५ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३०. उखडा ऐन, २०२१ | दफा ८ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३१. राप्तीदून विकास क्षेत्रको जमीन (बिक्री वितरण व्यवस्था) ऐन, २०२४ | दफा ६ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३२. चलचित्र निर्माण, प्रदर्शन, वितरण ऐन, २०२६ | दफा १२ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ३३. नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डासम्बन्धी ऐन, २०२७ | दफा १० को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३४. नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ | दफा १८ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३५. पानी जहाज दर्ता ऐन, २०२७ | दफा २६ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३६. सञ्चार संस्थान ऐन, २०१८ | दफा २४ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३७. स्थानीय प्रशासन ऐन, २०२८ | दफा ८ को उप-दफा (५) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |
| ३८. औद्योगिक व्यवसाय ऐन, २०३० | १. दफा १८ को उप-दफा (२) को देहाय (क) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालत वा क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।<br>२. दफा १२ को उप-दफा (६) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। |

लालमोहर सदर मितिः– २०३१।४।१८।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिनु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राजस्वसम्बन्धी न्याय व्यवस्थामा सुधार गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न राजस्वसम्बन्धी न्याय व्यवस्थामा सामयिक सुधार गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम "राजस्व न्यायाधिकरण ऐन, २०३१" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

"न्यायाधिकरण" भन्नाले दफा ३ अन्तर्गत स्थापित राजस्व न्यायाधिकरणलाई सम्झनुपर्छ ।

३. राजस्व न्यायाधिकरणको स्थापना र गठनः– (१) राजस्व न्यायाधिकरण अध्यादेश, २०३० अन्तर्गत स्थापना भएका राजस्व न्यायाधिकरणहरू यसै ऐन अन्तर्गत स्थापना भएको मानिनेछ ।

(२) प्रत्येक न्यायाधिकरणको इलाका र सदर मुकाम श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

(३) प्रत्येक न्यायाधिकरणमा देहायबमोजिम श्री ५ को सरकारद्वारा नियुक्त तीन सदस्य रहनेछन् । सोमध्ये कानून सदस्य न्यायाधिकरणको अध्यक्ष हुनेछ र निजको अनुपस्थितिमा राजस्व सदस्यले अध्यक्षता गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कानून सदस्य,
(ख) राजस्व सदस्य,
(ग) लेखा सदस्य ।

४. न्यायाधिकरणको सदस्य हुन योग्यता:– न्यायाधिकरणको सदस्य नियुक्त हुनको लागि देहायको योग्यता आवश्यक हुनेछः–

(क) कानून सदस्यको लागि– कानून स्नातक भएको र कानूनको क्षेत्रमा पाँच वर्ष अनुभव प्राप्त गरेको ।
(ख) राजस्व सदस्यको लागि– स्नातक भएको र राजस्व प्रशासनमा दुई वर्ष अनुभव प्राप्त गरेको ।
(ग) लेखा सदस्यको लागि– स्नातक भएको र लेखाको क्षेत्रमा दुई वर्ष अनुभव प्राप्त गरेको ।

५. न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग:– (१) न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग तीनै सदस्यले सामूहिक रूपले गर्नेछन् ।

तर, कानून सदस्य र अर्को एक सदस्यको उपस्थिति भएमा मुद्दाको कारवाई र किनारा गर्न र कानून सदस्य बाहेक अरू दुई सदस्यको उपस्थिति भएमा कारवाई गर्न रोकिने छैन ।

(२) उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम एक सदस्यको अनुपस्थितिमा कारवाई किनारा गर्दा दुई सदस्यको मतैक्य नभएमा कारवाईको हकमा अध्यक्षता गर्ने सदस्यको रायबमोजिम गर्नुपर्छ र फैसला वा अन्तिम आदेशका हकमा पहिले अनुपस्थिति रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय न्यायाधिकरणको निर्णय हुनेछ ।

(३) तीनै जना सदस्यको उपस्थितिमा कारवाई र किनारा गर्दा तीनै जनाको एक मत कायम भएमा सोही राय र सो हुन नसकेमा दुई जनाको बहुमतको राय न्यायाधिकरणको निर्णय मानिनेछ ।

(४) तीनै सदस्यको भिन्नाभिन्नै राय भएमा कारवाईका हकमा अध्यक्षको रायबमोजिम गर्नुपर्छ र फैसला वा अन्तिम आदेशका हकमा क्षेत्रीय अदालतमा साधक जाहेर गर्नुपर्छ र त्यसमा क्षेत्रीय अदालतको निर्णय अन्तिम हुनेछ ।

(५) उप-दफा (२) बमोजिम पहिले अनुपस्थिति रहने सदस्य समक्ष पेश हुँदा तीन राय हुन आएमा पनि उप-दफा (४) बमोजिम हुनेछ ।

६. न्यायाधिकरणको अधिकार क्षेत्र:– (१) राजस्वसम्बन्धी मुद्दामा न्यायाधिकरणको पुनरावेदन र निवेदन सुन्ने अधिकार क्षेत्र यो ऐन र प्रचलित अन्य नेपाल कानूनबमोजिम हुनेछ ।

(२) उप-दफा (१) बमोजिम पुनरावेदन सुन्दा न्यायाधिकरणलाई देहायको अधिकार हुनेछः–

(क) मुद्दाको अन्तिम निर्णय गर्ने,
(ख) मुद्दामा मुख्य ठहऱ्याउनु पर्ने कुरा खुलाई मुनासिब समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्न शुरू किनारा गर्ने अड्डा वा अधिकारीछेउ फिर्ता पठाउने,
(ग) शुरू किनारा गर्ने अड्डा वा अधिकारीले गरेको फैसला वा आदेशलाई सदर उल्टी वा केही उल्टी गर्ने र सो तल्लो अड्डा वा अधिकारीले गर्न पाउने कारवाई वा निर्णय गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आफैंले बढी प्रमाण बुझ्ने र तल्लो अड्डा वा अधिकारीबाट पनि बुझ्न लगाउने र

(ङ) पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने ।

७. न्यायाधिकरणको अवहेलना:– न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा न्यायाधिकरणले दुई महीनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुबै सजाय गर्न सक्नेछ ।

तर, न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा न्यायाधिकरणले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न वा घटाउन सक्नेछ ।

८. न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन:– देहायको कुनै प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटि भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखी क्षेत्रीय अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा मात्र न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) कानूनको व्याख्याको प्रश्न,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्नु नहुने प्रमाण बुझेको प्रश्न वा

(घ) बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लङ्घन भएको भन्ने प्रश्न ।

९. पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद:– (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरण वा क्षेत्रीय अदालतमा पुनरावेदन गर्दा कर, भन्सार महसूल वा अन्तःशुल्क निर्धारण भएकोमा निर्धारित कर, भन्सार महसूल वा अन्तःशुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुबै भएकोमा दुबै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौट नराखी पुनरावेदन लाग्ने छैन ।

(२) न्यायाधिकरणले उपयुक्त सम्झेमा उप-दफा (१) बमोजिम धरौट राख्नु पर्ने करको रकमको आधा नगदमा धरौट राख्न लगाई आधीका हकमा ज्यथा जमानी वा माथवर धनजमानी लिन सक्नेछ ।

(३) मुद्दा कारबाई किनारा हुँदा कब्जामा लिइएको वा जफत गरिएको माल वस्तु सडी गली जाने वा त्यसको गुण ह्रास भई मोल घट्न जाने भएमा प्रचलित नेपाल कानूनबमोजिम लीलाम बिक्री गरी आएको मोल धरौटीमा राखी मुद्दामा ठहरेबमोजिम गर्नुपर्छ । सवारीको साधन वा मेशीनरी सामान भए मोल बापत धरौट, ज्यथा जमानी वा माथवर धन जमानी लिई मालधनी जिम्मा दिन सकिनेछ ।

(४) यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा शुरू कारवाही र किनारा गर्ने अधिकारीले गरेको निर्णय सुनिपाएको वा त्यसको सूचना तामेल भएको पैंतीस दिनभित्र पुनरावेदन गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. छिन्न बाँकी मुद्दा सर्ने:– (१) राजस्व न्यायाधिकरण अध्यादेश, २०३० प्रारम्भ हुँदा आय र कर अदालतमा दायर भई छिन्न बाँकी रहेको मुद्दा र निवेदनपत्रहरू क्षेत्रीय अदालतमा सर्नेछन् ।

(२) राजस्व न्यायाधिकरण अध्यादेश, २०३० प्रारम्भ हुँदा तत्काल प्रचलित नेपाल कानूनबमोजिम अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारी समक्ष वा अञ्चल अदालतमा दायर रहेको तर यो ऐनले न्यायाधिकरणले हेर्ने व्यवस्था भएका मुद्दा र निवेदनपत्रहरू न्यायाधिकरणमा सर्नेछन् र तिनमा दफा ८ को व्यवस्था लागू हुनेछ ।

११. राजस्व न्यायाधिकरण अध्यादेश, २०३० जारी हुन अगाडि निर्णय भएका मुद्दाहरू:–राजस्व न्यायाधिकरण अध्यादेश, २०३० प्रारम्भ भएको अघिल्लो दिनसम्म तत्काल प्रचलित नेपाल कानूनबमोजिम–

(क) आय र कर अदालतमा पुनरावेदन लाग्ने गरी अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी, कर अधिकृतहरू वा तोकिएको अधिकारीहरूबाट फैसला वा अन्तिम आदेश भएकोमा प्रचलित नेपाल कानूनको म्यादभित्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(ख) आय र कर अदालत, अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी वा अञ्चल अदालतमा पुनरावेदन लाग्ने गरी भन्सार अड्डाको हाकिम, अन्तःशुल्क अधिकारी, कर अधिकृतहरू वा तोकिएको अधिकारीहरूबाट फैसला वा अन्तिम आदेश भएको तर यो ऐनले न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दामा प्रचलित नेपाल कानूनको म्यादभित्र न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१२. निरीक्षण र निर्देशन दिने अधिकार:– आफ्नो अधिकार क्षेत्रभित्रको मुद्दाका सम्बन्धमा न्यायाधिकरणले भन्सार अड्डा, अन्तःशुल्क कार्यालय, कर कार्यालय तथा त्यस्तो मुद्दाको शुरू किनारा गर्ने अरू राजस्वसम्बन्धी कार्यालयहरूको निरीक्षण गर्न वा तिनबाट आवश्यक विवरण प्राप्त गर्न वा तिनलाई निर्देशन दिन सक्नेछ ।

१३. भूमि प्रशासकले शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र:– (१) आफ्नो इलाकाभित्रको देहायका मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र भूमि प्रशासकको हुनेछ:–

(क) जग्गा वा तिरो दपोट,

(ख) मालपोतसम्बन्धी,

(ग) जिमीदार, तालुकदार, पटवारी बहाली बर्खासी,

(घ) मर्ता पर्ता भई उकास भएको जग्गासम्बन्धी,

(ङ) हाल आबादी र सो सम्बन्धित सन्धिसर्पन,

(च) जग्गा भोगेको नाताले लागेको रकमसम्बन्धी,

(छ) भूमि प्रशासन कार्यालयसम्बन्धी ठेक्का-पट्टाको नोक्सानी असूल उपर गर्ने विषय र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको भूमि प्रशासन कार्यालयसम्बन्धी अन्य विषय ।

(२) उप-दफा (१) अन्तर्गत भूमि प्रशासकले गरेको निर्णय उपर अञ्चलाधीश समक्ष पुनरावेदन लाग्नेछ र अञ्चलाधीशको निर्णय उपर क्षेत्रीय अदालतले दफा ८ मा व्यवस्था भएबमोजिमको आधारमा पुनरावेदन गर्न अनुमति दिएको मुद्दामा मात्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) यस दफामा "भूमि प्रशासक वा भूमि प्रशासन कार्यालय" भन्नाले भूमि प्रशासन ऐन, २०२४ लागू नभएको ठाउँमा क्रमशः माल अड्डाको हाकिम वा माल अड्डा सम्झनुपर्छ ।

१४. कारवाई गर्ने अड्डा वा अधिकारीको अधिकार:– दफा १३ अन्तर्गतका मुद्दाहरू र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरूमा शुरू कारवाई र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

१५. नियम बनाउने अधिकार:– यो ऐनको उद्देश्य पूर्ति गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल राजपत्रमा प्रकाशित गरी लागू गरिनेछ ।

१६. बाधा अड्काउ हटाउने अधिकार:– यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले सो बाधा अड्काउ हटाउनको लागि नेपाल राजपत्रमा प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यस ऐनमा परे सरह मानिनेछ ।

१७. खारेजी र संशोधन:– (१) आय र कर न्याय व्यवस्था ऐन, २०१६ र आय र कर अदालत नियमावली, २०२५ खारेज गरिएको छ ।

(२) अनुसूचीमा लेखिएको ऐनहरूमा अनुसूचीमा लेखिएबमोजिम संशोधन गरिएको छ ।

१८. राजस्व न्यायाधिकरण अध्यादेश, २०३० निष्क्रिय भएपछि त्यसको परिणाम:– राजस्व-न्यायाधिकरण अध्यादेश, २०३० निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले–

(क) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुर्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ख) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(घ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै कानूनी कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय पनि गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(दफा १७ संग सम्बन्धित)

| क्र. सं. ऐनको संक्षिप्त नाम | संशोधन |
|---|---|
| १. अन्तःशुल्क ऐन, २०१५ | दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–<br>१३ पुनरावेदनः– दफा ७ अन्तर्गत तोकिए-को अधिकारीले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ । |
| २. बिर्ता उन्मूलन ऐन, २०१६ | दफा ११ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–<br>(२) कुनै जग्गा उप-दफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको जग्गा हो होइन भन्ने मुद्दा तोकिएको अदालतले हेर्नेछ र सो उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ । |
| ३. मनोरञ्जन कर ऐन, २०१७ | दफा ५ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–<br>(३) उप-दफा (१) र (२) अन्तर्गत मनोरञ्जन कर अधिकृतले जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ । |
| ४. मादक पदार्थ ऐन, २०१७ | दफा १७ (ग) को सट्टा देहायको दफा १७ (ग) राखिएको छः–<br>१७(ग) पुनरावेदनः– यो ऐन अन्तर्गत अन्तःशुल्क अधिकारीले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ । |
| ५. सवारी कर ऐन, २०१८ | दफा १३ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–<br>(१) दफा ६ अन्तर्गत मोटर वा गाडा राखेको वा दफा १० अन्तर्गत जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. हवाई उडान कर ऐन, २०१८

दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

६ पुनरावेदनः– दफा ८ अन्तर्गत स्थानीय कर अधिकृतले जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

७. होटेल कर ऐन, २०१८

दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

६ पुनरावेदनः– दफा ८ अन्तर्गत स्थानीय कर अधिकृतले जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

८. भन्सार ऐन, २०१९

दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छः–

३७ पुनरावेदनः– यो ऐन अन्तर्गत भन्सार अधिकृतले वा श्री ५ को सरकारले तोकी दिएको अधिकारीले भन्सार महसूल निर्धारण गरेको वा दण्ड सजाय गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

९. घरजग्गा कर ऐन, २०१९

दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

६ पुनरावेदनः– दफा ४, ५, ६ वा ७ अन्तर्गत कर अधिकृतले गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१०. विदेशी लगानी कर ऐन, २०१९

दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

६ पुनरावेदनः– दफा ४, ५, ६ वा ७ अन्तर्गत कर अधिकृतले गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

११. नेपाल आय कर ऐन, २०१९

दफा २० को सट्टा देहायको दफा २० राखिएको छः–

२० पुनरावेदनः– दफा १०, ११, १४, १५, १६, १७ वा १८ र दफा २४ क. अन्तर्गत कर अधिकृतले गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

286

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. ठेक्का कर ऐन, २०२३

दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

११ पुनरावेदनः– यो ऐन अन्तर्गत कर अधिकृतले कर निर्धारण गरेको वा एक सय रुपैयाँभन्दा बढी जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१३. घरजग्गा बहाल कर ऐन, २०२३

दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

१६ पुनरावेदनः– यो ऐन अन्तर्गत कर अधिकृतले कर निर्धारण गरेको वा एक सय रुपैयाँभन्दा बढी जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१४. पानी कर ऐन, २०२३

दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

११ पुनरावेदनः– दफा १० अन्तर्गत तोकिएको अधिकारीले सजाय गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१५. बिक्री कर ऐन, २०२३

दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः–

२२ पुनरावेदनः– यो ऐन अन्तर्गत कर अधिकृतले कर निर्धारण गरेको वा एक सय रुपैयाँभन्दा बढी जरिवाना गरेको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

लालमोहर सदर मिति:– २०३१।४।१८।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, प्रमाणित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३१ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐन

प्रास्तावना:– नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानसम्बन्धी विषयको अध्ययन, अन्वेषण एवं मौलिक सिर्जनाको माध्यमद्वारा उपयोगी कृतिहरू तयार गर्न गराउन, उच्चस्तरीय विचार विमर्श, गोष्ठी र सम्मेलनको आयोजना गर्न गराउन, प्रतिभाशाली कलाकार, साहित्यकार तथा विद्वानहरूको समुचित कदर तथा सम्मान गर्न र उपर्युक्त विषयसम्बन्धी आवश्यक अन्य कार्य राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा सम्पन्न गराई बौद्धिक तथा कलात्मक क्षेत्रको सर्वाङ्गीण विकास गर्न नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई बढी सक्षम बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिमको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "संरक्षक" भन्नाले दफा ६ बमोजिमको संरक्षक सम्झनुपर्छ ।

(ग) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनुपर्छ ।

(घ) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. प्रज्ञा प्रतिष्ठान कायम रहनेः– (१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०१४ अन्तर्गत स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान यसै ऐन अन्तर्गत स्थापित भएको मान  ायम रहनेछ ।

(२) प्रज्ञा प्रतिष्ठान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसले चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, धितो बन्धक राख्न, बेचबिखन गर्न र यस ऐनको उद्देश्य पूर्ति गर्न आवश्यक सम्झिएका अरू सबै काम गर्न गराउन सक्नेछ । यसले व्यक्ति सरह नालेश उजूर गर्न र यस उपर पनि व्यक्ति सरह नालेश उजूर लाग्न सक्नेछ ।

४. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्यः– प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य देहायबमोजिम हुनेछः–

(क) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानसम्बन्धी विषयको अध्ययन, अन्वेषणद्वारा उपयोगी ग्रन्थ एवं कृतिहरू तैयार गर्ने गराउने ।

(ख) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानसम्बन्धी मौलिक कृतिहरूको सिर्जना एवं प्रकाशन गर्ने गराउने ।

(ग) विदेशी भाषाबाट नेपाली भाषामा र आवश्यकतानुसार नेपाली भाषाबाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरूको रूपान्तर एवं प्रकाशन गर्ने गराउने ।

(घ) नेपाली भाषा र नेपालभित्र बोलिने अन्य भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानसम्बन्धी विषयमा प्रवचन, गोष्ठी, विचार विमर्श, सम्मेलन, प्रदर्शनी आदिको आयोजना र प्रकाशन गर्ने गराउने ।

(ङ) भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानसम्बन्धी विषयमा हुने अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचार विमर्श, प्रदर्शन आदिमा प्रतिनिधित्व गर्ने गराउने ।

(च) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानसम्बन्धी विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी वा विदेशी विद्वान् एवं कलाकारको कदर तथा सम्मान गर्ने ।

(छ) भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानको क्षेत्रसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्बन्ध राख्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानको विकासको निमित्त साहित्यकार, कलाकार र वैज्ञानिकहरूमा सहयोगको भावना बढाउने ।

(झ) माथि लेखिएका काम पूरा गर्नका लागि आवश्यक अरू सबै काम गर्ने ।

५. प्रज्ञा प्रतिष्ठानको संगठनः– (१) प्रज्ञा प्रतिष्ठानको संगठन देहायबमोजिम हुनेछः–

(क) संरक्षक,
(ख) प्राज्ञ सभा,
(ग) प्राज्ञ परिषद्,
(घ) समन्वय समिति,
(ङ) प्रज्ञा प्रतिष्ठान सेवा आयोग,
(च) प्रज्ञा प्रतिष्ठान सचिवालय ।

(२) उप-दफा (१) बमोजिमका सभा, परिषद्, समिति, आयोग र सचिवालयको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछ ।

६. संरक्षकः–(१) श्री ५ महाराजाधिराज प्रज्ञा प्रतिष्ठानका संरक्षक होइबक्सनेछ ।

(२) संरक्षकको निर्देशन प्रज्ञा प्रतिष्ठानको निमित्त सर्वोपरि हुनेछ ।

७. कुलपति र उप-कुलपतिको नियुक्तिः– कुलपति र उप-कुलपतिको नियुक्ति संरक्षकबाट हुनेछ ।

८. प्राज्ञ सभाः– (१) देहायका सदस्यहरू भएको एउटा प्राज्ञ सभा हुनेछः–

| | |
|---|---|
| (क) संरक्षक | अध्यक्ष |
| (ख) कुलपति | उपाध्यक्ष |
| (ग) उप-कुलपति | सदस्य |
| (घ) प्राज्ञ परिषद्का सदस्यहरू | " |
| (ङ) आजीवन सदस्यहरू | " |
| (च) प्रज्ञा मानार्थ सदस्यहरू | " |
| (छ) शिक्षा मन्त्री | " |
| (ज) अर्थ मन्त्री | " |
| (झ) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | " |
| (ञ) अध्यक्ष, गुठी संस्थान | " |
| (ट) मुख्य सचिव, श्री ५ को सरकार | " |
| (ठ) उप-कुलपति, त्रिभुवन विश्वविद्यालय | " |
| (ड) प्रज्ञा प्रतिष्ठानको सचिव | सदस्य-सचिव |

(२) संरक्षक वा संरक्षकबाट तोकेको व्यक्तिको अध्यक्षतामा प्राज्ञ सभाको बैठक सामान्यतः वर्षको एक पटक बस्नेछ ।

(३) प्राज्ञ सभाले प्राज्ञ परिषद्द्वारा पेश गरिएको वार्षिक प्रतिवेदन माथि विचार विमर्श गरी भावी कार्यक्रमको लागि आवश्यक निर्देशन दिनेछ ।

(४) प्राज्ञ सभाले प्राज्ञ परिषद्द्वारा पेश भएको प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेटमाथि आवश्यक विचार गरी स्विकृति प्रदान गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्राज्ञ परिषद्:– (१) देहायका सदस्यहरू भएको एउटा प्राज्ञ परिषद् हुनेछ :–

(क) कुलपति — अध्यक्ष

(ख) उप-कुलपति — उपाध्यक्ष

(ग) संरक्षकबाट नियुक्त बढीमा ६ जना सदस्यहरू — सदस्य

(घ) प्रज्ञा प्रतिष्ठानको सचिव — सदस्य-सचिव

(२) उप-दफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यहरूमा भाषा, साहित्य, कला, संस्कृति, ज्ञान तथा विज्ञानका प्रत्येक क्षेत्रबाट यथासम्भव एक एक जना रहने छन् ।

(३) प्राज्ञ परिषद्का सदस्य र सदस्य-सचिव प्रज्ञा प्रतिष्ठानका सदस्य मानिनेछन् ।

१०. प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार:– (१) प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:–

(क) प्राज्ञ सभाको निर्देशन अनुसार प्रज्ञा प्रतिष्ठानको कार्य सञ्चालनका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(ख) प्रज्ञा प्रतिष्ठानका कर्मचारीहरूको सेवा शर्त निर्धारण गर्ने ।

(ग) विद्वत्वृत्ति, सम्मान, प्रज्ञा मानार्थ सदस्यता, पुरस्कार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(घ) प्राज्ञ सभाको बैठकको आयोजना गर्ने ।

(ङ) प्राज्ञ सभाले दिएको निर्देशन पालन गर्ने ।

(च) प्रतिष्ठानको आम्दानी–खर्चको वार्षिक बजेट समर्थनका लागि प्राज्ञ सभामा पेश गर्ने ।

(छ) प्रज्ञा प्रतिष्ठानको लागि चल–अचल सम्पत्ति प्राप्त गर्ने, बेचबिखन र नामसारी गर्ने कार्यको सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(ज) हरेक वर्ष प्रज्ञा प्रतिष्ठानको लेखापरीक्षणको व्यवस्था गर्ने र लेखापरीक्षणको प्रतिवेदनमा विचार गरी आवश्यक कारवाई गर्ने ।

(झ) प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार पारी प्राज्ञ सभामा पेश गर्ने ।

(ञ) प्रकाशनको निमित्त आएका पुस्तक–पुस्तिकाको मूल्याङ्कन गर्ने गराउने ।

(ट) प्रज्ञा प्रतिष्ठानका लागि चाहिने आवश्यक पदको सिर्जना गर्ने ।

(ठ) आवश्यक कामको लागि आवश्यकतानुसार प्रज्ञा प्रतिष्ठानका सदस्य बाहेक अरू व्यक्तिहरूलाई पनि समावेश गरी समिति, उप-समितिको गठन गर्ने र यस्ता समिति, उप-समितिको कार्यविधि तथा कार्यावधि तोक्ने ।

(ड) अरू तोकिएबमोजिम काम गर्ने ।

(२) प्राज्ञ परिषद्को कार्यविधि तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. समन्वय समितिः– (१) देहायका सदस्य भएको एउटा समन्वय समिति हुनेछः–

(क) कुलपति — अध्यक्ष
(ख) उप-कुलपति — उपाध्यक्ष
(ग) सचिव, श्री ५ को सरकार, शिक्षा मन्त्रालय — सदस्य
(घ) सचिव, श्री ५ को सरकार, सञ्चार मन्त्रालय — "
(ङ) सचिव, श्री ५ को सरकार, अर्थ मन्त्रालय — "
(च) डीन, नेपाल तथा एशियाली अध्ययन संस्थान — "
(छ) अध्यक्ष, साझा प्रकाशन — "
(ज) उपाध्यक्ष, नेपाल ललितकला संस्थान — "
(झ) प्रज्ञा प्रतिष्ठानको सचिव — सदस्य-सचिव

(२) समन्वय समितिले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानको क्षेत्रसंग सम्बन्धित विभिन्न संघ संस्थानहरूका क्रियाकलापमाथि विचार विमर्श गरी तिनीहरूका बीच आवश्यक समन्वयको व्यवस्था गर्नेछ ।

(३) समितिमा भएका समन्वयात्मक कार्यको विवरण प्राज्ञ परिषद्द्वारा संरक्षक समक्ष प्रस्तुत हुने प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ ।

१२. प्रज्ञा प्रतिष्ठान सेवा आयोगः– (१) प्रज्ञा प्रतिष्ठानका कर्मचारीको नियुक्ति र बढुवाको सिफारिश गर्न देहायबमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछः–

(क) त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष — अध्यक्ष
(ख) लोक सेवा आयोगको सदस्य — सदस्य
(ग) कुलपतिद्वारा मनोनीत प्रज्ञा प्रतिष्ठानका एकजना सदस्य — सदस्य
(घ) प्रज्ञा प्रतिष्ठान सेवा आयोगको अध्यक्षले तोकेको एकजना लब्ध प्रतिष्ठित विद्वान — सदस्य
(ङ) प्रज्ञा प्रतिष्ठानको सचिव — सदस्य-सचिव

(२) प्रज्ञा प्रतिष्ठान सेवा आयोगको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१३. प्रज्ञा प्रतिष्ठान सचिवालयः– (१) प्रज्ञा प्रतिष्ठानको प्रशासकीय काम–काजको लागि एक सचिवालय रहनेछ । यसको दैनिक कार्य सञ्चालन प्रज्ञा प्रतिष्ठानको सचिवको रेखदेखमा हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सचिवको नियुक्ति संरक्षकबाट हुनेछ ।

(३) सचिवालयको संगठन र काम, कर्तव्य तोकिएबमोजिम हुनेछ ।

१४. पदावधि र पारिश्रमिकः–(१) प्रज्ञा प्रतिष्ठानका कुलपति, उप-कुलपति, प्राज्ञ परिषद्का सदस्यहरू र प्रज्ञा प्रतिष्ठानको सचिवको पदावधि पाँच वर्षको हुनेछ र निजहरूको पारिश्रमिक संरक्षकले तोकेबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संरक्षकबाट उपयुक्त संझिएमा उप-दफा (१) बमोजिम पदावधि समाप्त भएका सदस्यहरूलाई पुनः मनोनीत गर्न सक्नेछ ।

१५. आजीवन सदस्यः– प्राज्ञ परिषद्मा लगातार वा पटक पटक गरी कमसेकम तीन पटक मनोनयन प्राप्त गरेका व्यक्तिहरू अवकाश प्राप्त भएपछि प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य हुनेछन् ।

यो ऐन लागू हुनुभन्दा अगाडि आजीवन सदस्य भइसकेका र स्थायी सदस्यमा मनोनीत भइसकेका व्यक्तिहरू पनि आजीवन सदस्य हुनेछन् ।

१६. प्रज्ञा मानार्थ सदस्यः– प्राज्ञ परिषदले नेपाली संस्कृति, साहित्य, कला, संगीत वा सामाजिक वा भौतिक ज्ञान–विज्ञानको क्षेत्रमा विशेष देन दिएका ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट कसैलाई विशिष्ट ठहराई "प्रज्ञा मानार्थ सदस्यता" प्रदान गर्न सिफारिशसाथ संरक्षक समक्ष पेश गरी संरक्षकबाट स्वीकृति प्राप्त भएमा प्रज्ञा प्रतिष्ठानको "प्रज्ञा मानार्थ सदस्यता" प्रदान गर्न सकिनेछ ।

१७. प्रज्ञा प्रतिष्ठानका सदस्यको काम, कर्तव्य र अधिकारः– प्रज्ञा प्रतिष्ठानका सदस्यको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१८. सदस्यताबाट हट्ने अवस्थाः– (१) कुलपति, उप-कुलपति, प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य र प्रज्ञा मानार्थ सदस्य तथा प्राज्ञ परिषद्का सदस्यहरू देहायका अवस्थामा सदस्यताबाट हट्ने छन्:–

(क) संरक्षक समक्ष लिखित समावेदन पेश गरी आफ्नो सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा ।

(ख) नैतिक पतन हुने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएकोमा ।

(ग) कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ भएमा संरक्षकबाट गठन गरिएको कुनै तीन जना व्यक्तिको आयोगले जाँचबुझ गरी ठहर गरेको प्रतिवेदन संरक्षकबाट स्वीकृत भएमा ।

(घ) संरक्षकले हटाएमा ।

(२) उप-दफा (१) को खण्ड (ग) बमोजिम आरोप लागेका व्यक्तिलाई आयोगमा आफ्नो सफाई पेश गर्नको निमित्त मनासिब मौकाबाट वञ्चित गरिने छैन र आयोगले सो सम्बन्धमा आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

१९. काम, कारवाई अवैध नमानिने:– यस ऐनको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा प्रतिष्ठानमा कुनै सदस्यको स्थान रिक्त भई काम, कारवाई भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम, कारवाई अवैध मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. लेखा राख्ने र त्यसको जाँचः– प्रज्ञा प्रतिष्ठानको लेखा तोकिएको ढाँचामा राखिनेछ र त्यसको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

२१. प्रज्ञा प्रतिष्ठानको कोषः– प्रज्ञा प्रतिष्ठानको एउटा कोष हुनेछ । उक्त कोष प्राज्ञ परिषद्ले तोकेको बैंकमा राखिनेछ र तोकिएबमोजिम सञ्चालन हुनेछ ।

२२. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न प्राज्ञ परिषद्ले नियमहरू बनाउन सक्नेछ । श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेपछि ती नियमहरू लागू हुनेछन् ।

२३. खारेजीः– नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०१४ खारेज गरिएको छ ।

२४. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अध्यादेश, २०३० निष्क्रिय भएपछि त्यसको परिणामः– नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अध्यादेश, २०३० निस्क्रय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निस्क्रयताले:–

(क) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै कामलाई असर पार्ने छैन,

(ख) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा कर्तव्य वा दायित्वमा असर पार्ने छैन र

(ग) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य वा दायित्वका सम्बन्धमा भएको कुनै कानूनी कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई शुरू गर्न, जारी राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३१।४।१८।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

३०२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

307

306

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।